# नेपाल राष्ट्र बैंक

# प्रेस समाचार

गभर्नर डा. युवराज खतिवडासँग Asian Development Bank (ADB) का Vice President Thierry Letouze De Longuemar सहितको एक प्रतिनिधि मण्डलले आज भेटवार्ता गऱ्यो ।



सो अवसरमा गभर्नर डा. खतिवडा र Vice President बीच नेपालका विभिन्न परियोजनाहरुमा लगानी गर्न एसियाली विकास बैंकले जारी गर्ने Local Currency Bond का विषयमा छलफल तथा विचार विमर्श भयो । छलफलका क्रममा ADB का Vice President ले चीन, भारत, मलेसिया, थाईल्याण्ड, हङ्कङ्ग, इण्डोनेसिया, फिलिपिन्स र भियतनाममा ADB ले जारी गरेको Local Currency Bond को बारेमा पनि जानकारी गराउनु भएको थियो ।



सो अवसरमा गभर्नर डा. खतिवडाले यसरी जारी हुने Local Currency Bond देशको पूँजी बजारको विकासमा एउटा कोशे ढुङ्गो हुने बताउँदै सोको अन्डरराईटिङ्ग, नियमनकारी निकाय र कार्यान्वनयन गर्ने संस्थाहरुका बीचमा सुदृढ समन्वय हुनु पर्ने, बजारमा विद्यमान तरलताको

अवस्थाका आधारमा ऋणपत्रको परिमाण निर्धारण गरिनुपर्ने, कारोबार लागत र जोखिम लगायतका विषयहरु पनि स्पष्ट हुनु पर्ने धारणा राख्नु भएको थियो ।

डेपुटी गभर्नर महा प्रसाद अधिकारीको समेत उपस्थिति रहेको उक्त भेटवार्ताका क्रममा ADB का Paul Eduard Marice Marc Clos, Gopal Sharathchandra र Michael de Los Reyes को पनि उपस्थिति रहेको थियो ।

२०६९ कार्तिक १७ गते शुक्रबार

गभर्नरको कार्यालय